बागमती प्रदेश सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

फोन नं: ०११-४९०२०१/४९०५८९
Email: akckavre@gmail.com,
Web: www.kavre.akc.gov.np,

धुलिखेल, काभ्रेपलाञ्चोक

**प्राङ्गारिक मल वितरण कार्यक्रममा सुचिकृत/सहभागी हुन आपूर्तिकर्ता तथा कृषकहरुलाई प्रस्ताव आव्हानको सूचना।।**

**सूचना नं ४/०८०/८१**

**प्रथम पटक प्रकाशित मिति: २०८०/०५/२२**

कृषि ज्ञान केन्द्र काभ्रेको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुरुप "प्राङ्गारिक मल वितरण कार्यविधि (प्रथम संशोधन),२०७९" अनुसार प्राङ्गारिक मल बिक्रि गर्ने उत्पादक/वितरकहरु साथै मल खरिद गर्न इच्छुक काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लाका कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्मले यो सूचना प्रकाशित भएको २१ दिन (मिति २०८०/०६/११) भित्र कृषि ज्ञान केन्द्र, काभ्रेपलाञ्चोकमा वा केन्द्रको सम्पर्क कार्यालय चौतारा सिन्धुपाल्चोकमा देहाय बमोजिमका आवश्यक कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा यो सूचना आव्हान गरिन्छ । अनलाइन मार्फत आवेदन दर्ता गर्न इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्मले **कार्यालयको वेवसाइट https://kavre.akc.gov.np को आयोजना/कार्यक्रम माग आवेदन फारम भित्र गई आवेदन पेश गरेको कार्यक्रम भित्र रहेको प्राङ्गारिक मल वितरण कार्यक्रम छनौट गरी निर्दिष्ट** कागजात /जानकारीहरु अपलोड/प्रविष्ट गरी आवेदन पेश गर्न सकिनेछ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु (आपूर्तिकर्ताहरुको लागि)**

१. संस्था दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
२. संस्था नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि वा कम्पनि भएमा कम्पनि रजिस्ट्रारको कार्यालयबात गरिने कम्पनि अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने।
३. संस्थाको PAN/VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
४. पछिल्लो आ.व. को लेखा परिक्षणको प्रमाणित प्रतिलिपि।
५. पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
६. प्रस्ताव साथ चालु आ.व. मा आपूर्ति गर्न सक्ने मलको परिमाण।
७. सम्बन्धित निकायमा सुचिकृत गरिएको प्रमाणपत्रको प्रतिलिपि।
८. सरकारी निकायबाट मान्यता प्राप्त प्रयोगशालाबाट अनुसूची-३ मा उल्लेखित प्राङ्गारिक मलको मापदण्ड तथा गुणस्तरको प्रमाणपत्र (एक महिना भित्रको) ।
९. प्राङ्गारिक मलको नमुना।
१०. आपूर्तिकर्ताले आफुले उत्पादन गर्ने मलको ब्राण्ड नाम, प्रति के.जी. मूल्य, कम्पनीको शाखा/ बिक्रि कार्यालयहरु र उपलब्ध गराउन सक्ने मलको परिमाण।
११. मलको उत्पादन मिति र प्रयोग गरिसक्नु पर्ने मिति, ब्याच नम्बर, तौल तथा मलमा पाइने पोषण तत्वको मात्रा प्रत्येक प्याकेजिङ्गमा प्रष्ट रुपमा देखिने गरी उल्लेख भएको हुनु पर्नेछ।

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु (कृषकहरुको लागि)**

१. दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. संस्था नवीकरणको प्रमाणको प्रतिलिपि
३. संस्थाको PAN/VAT प्रमाणपत्रको प्रतिलिपि
४. गत आ.व. को कर चुक्ता प्रमाण पत्र
५. संस्थाको हकमा निर्णय प्रतिलिपि
६. निम्न व्यहोरा खुल्ने आधिकारिक निवेदन

| खेतीयोग्य जमिनको क्षेत्रफल | खरिद गर्न चाहेको मलको परिमाण (के.जि.) | कैफियत |
|---|---|---|

**कुल प्रसाद दवाडी**
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं